# गाउनु प्रेमपत्र चुम्नु जस्तै त हो नि !

## आभास

एकजना रविन्द्र सङ्गीतकी विद्यार्थी भन्थिन् – 'मन अस्तब्यस्त भएको बखत कलाकारिता गर्दा कलामाथि अन्याय हुन पनि सक्छ ।' तिनले यसो भनेको करिब एक दशक बितेछ । केही सन्दर्भले मलाई तिनको सम्झना गरायो । अझ तिनले भनेकी थिइन् – 'अहिले मेरो मस्तिष्कले मनमाथि शासन गरिरहेको छ; झन् यस्तो अवस्थामा त म एक हरफ पनि गुन्गुनाउन सक्दिन ।' तिनको यो भनाई, मलाई दिव्य लागिरहेछ । नलाग्नु पनि किन ? हामी पनि त मस्तिष्ककै शासनबाट आक्रान्त छौं । विगतका कयौं वर्ष हाम्रा मनहरुलाई अदूरदर्शी मस्तिष्कले शासन गरे, समाजको खासै गुणात्मक परिवर्तन र परिमार्जन भएन । बरु कैयौं प्रतिभाहरु कुण्ठित भए । कालान्तरमा मनहरुमा विद्रोह जाग्नु थियो, जाग्यो । आशा थियो, मन समेत संलग्न भएका मस्तिष्कहरुको पालो आयो । अब ब्यवस्थित हुनेछ । तर वर्षहरु क्रमशः वित्दै छन् मस्तिष्कहरुको उदण्ड खेल बन्द भएकै होइन ! मनहरु फेरि पनि दबिइरहेकै छन् । असन्तुष्टि, डर र त्रासमा कुण्ठित छन् मनहरु ।

काठमाण्डौको कोलाहलबाट (अब त कोलाहल मुक्त ठाउँ नै कहाँ बाँकी रह्यो र ?) वाक्क भएर उपत्यका बाहीर जाँदा होस् अथवा पटक पटक कामका क्रममा बाहीर निस्कँदा होस्, सहयात्रीबीच हाम्रो वर्तमान त्रासदीका बारेमा चर्चा हुन्छ । म चैं यात्रामा कम बोल्ने र बोल्न थालेपछि नरोकिने आफ्नो बानीलाई समेत हाम्रो सामाजिक विगत र वर्तमानको उपजको धारमा राखेर आत्म मूल्याङ्कन गर्न पछाडि पर्दिन अथवा भनौं/छाड्दिन; मनमनै गुन्छु – म भित्रको यस्तो बानी पनि हाम्रो समयले नै जन्माएको 'फ्यूजन क्यारेक्टर' त हाला नि ? सायद हामी मध्ये धेरैमा यस्तो भएको हुनसक्छ; जसले एकतन्त्र र प्रजातन्त्र रुपी दुबै कालखण्डलाई धेरथोर अनुभव गर्न पाए । एक समयले दिएको सङ्कोच र अर्को समयले दिएको अराजकता घुलमिल भयो र बन्यो 'फ्यूजन क्यारेक्टर' । अझ त्यो भन्दा अघि बढेर अहिले त आफ्नो कुरा बेवास्ता गर्नेलाई बलपूर्वक कुरा सुनाउने स्वभाव पनि दिन प्रतिदिन चर्कंदो छ । यस्तै बल प्रयोगी स्वभावको पराकाष्टा त होला हाम्रो अहिलेको दूराअवस्था । जसबाट हामीबीच रहेको विश्वास र सहृदयता खलबलमा परेको छ ।

बेला यस्तै छ । देशको जुन कुनामा यात्रारत होउँ, यात्राभरि हाम्रा आँखा 'स्क्यानिङ् मेसिन' जस्तै चल्छन् । कसैको ब्यवहारमा विश्वासको आधार भेटिन्न । सबैका ब्यवहारलाई शङ्कालु नजरले खुट्याउन बाध्य हुनु पर्छ । केही महिना पहिले हाम्रो सानो समुह सुदूर पश्चिम घुम्ने बखत हामीले एउटा निष्कर्ष नै निकाल्यौं– हामी आफ्नो वाहनमा कसैलाई 'लिफ्ट' दिन्नौं भनेर । केही ठाउँमा अनुरोध हुन्छन् । हामी आफ्नो निर्णय बदल्नै सक्दैनौं । अनुरोधकर्ता साँच्चै अप्ठ्यारोमा हुन्थे होलान् तर हामी भित्रको डरको खेती उनको अप्ठ्यारोभन्दा डरलाग्दो गरी मौलाएको थियो; जसबाट हामी बाहीर चियाउनै सक्दैनथ्यौं । महेन्द्र नगरबाट दाङ जाने क्रममा थियौं । हाम्रो निर्णयलाई हामी चढेको वाहनले भने दनक दियो । चिसापनी छेऊ, कर्णाली पुलवारी आइपुगेका थियौं, त्यसको अङ्ग भङ्ग भयो । हाम्रो शरीरको मेरुदण्ड जस्तै त्यसको फलामे अङ्ग कालोपत्रे सडकमा घ्वाट्राक्क खस्यो । मेसीनले उभ्याएको यो अप्ठ्यारोमा पनि हामी आफ्नो निर्णय परिवर्तन गर्नतिर लागेनौं, हाम्रो मानवता यन्त्रको नियन्त्रणमा रहन बाध्य भयो । बरु अर्को वाहन मगायौं र पाँच घण्टाभन्दा लामो प्रतीक्षा गर्न तयार भयौं । यसका पछाडि हामीसित हाम्रो आतङ्कीत वर्तमानले दिएको त्रास र अविश्वासले ठूलो काम गरेको थियो ।

हुनत यही त्रास र अविश्वासकै बीचमा पनि गाउन या गुनगुनाउन सक्नुमा कति मीठो सुन्दरता छ नि है ? गायनले त हृदयलाई करुणातर्फ डोऱ्याउछ नि ! तर रविन्द्र सङ्गीतकी ती बंगाली सुन्दरीको तर्कमा पनि कम्ता दम छैन नि ! मस्तिष्कले मनमाथि शासन गरिरहेको बेला गाउने कसरी ? मेरा गुरुजनहरु भन्ने गर्नुहुन्छ- 'गाउनु छ भने मन लगाएर गाऊ, बिना मनको गायकी फिक्का हुन्छ ।' यसबखत म गुरुहरुलाई पनि मुख फर्काउन विवश हुन्छु- गुरुजी ! हामीलाई समयले पनि अप्ठ्यारोमा फलायो ! हामी त्रासद मौसमका कोपिला भयौं । हाम्रा मन फक्न नपाउदै किचमिचिए । र त मन बेगर नै बकबकाउन विवश छौं । हामी चाहन्छौं हाम्रा गीतले हिंस्रक मनोग्रन्थीलाई करुणातर्फ उन्मुख गरुन् तर मतिष्कधारीहरुका थाप्लामा गोमनका बथान सलबलाइरहेको बेला छ । तल माथि, दाहीने देब्रे, जता हेरे पनि बेतालका डम्फु । आफ्नो मनोकामना या भनुँ सपना हाशील गर्न, हामी अरुलाई कुण्ठीत बनाउने जङ्गली रोगबाट अझै मुक्त छैनौं । भीम बिराग दाइको एउटा गजल छ-

*वरदान पाउन सबले अरुकै बली चढाउछन्*
*रेटेर आफ्नै गर्धन पुज्नै नमिल्ने रै'छ*

गायकको धर्म गाउनु हो । जहाँ सुन्ने प्रचलन हुन्छ त्यहाँ पो गाइन्छ ! जहाँ सुनिदिने जमात नै श्रुतिभ्रष्ट हुन्छ त्यस्तो ठाउँमा गाउनुको माने के ? अहिले हाम्रोमा श्रुतिभ्रष्ट जमातको बोलवाला छ । कुरा नै पनि सुन्ने सुनाउने संस्कार बसेको छैन, सङ्गीत त कता कता । बडप्पन नठानियोस ! कुरा सुन्नभन्दा सङ्गीत सुन्न कयौं गुना संस्कारयुक्त कान चाहिन्छ । म कुनैदिन एउटी सुन्दरीको सामु गाउदै थिएँ । मेरा रचना सुने पश्चात उसले प्रश्न गरी- तिमी आफ्नो उमेरभन्दा पाका र गम्भीर रचनामात्र किन गाउछौ ? धन्न यसमा अलिकति मात्र भए पनि श्रुतिसंस्कार रै'छ । सुने पश्चात मात्र प्रश्न गरी । तत्काल मैले उसलाई कुनै जवाफ दिइन । भन्न चाहन्थेँ- सिर्जनाको गाम्भीर्य र पाको पनलाई उमेरमा मात्र राखेर हेर्नु हुन्न । तर मुस्काएँ मात्र । सङ्गीतको तरङ्गमा तरङ्गित उसको मनलाई बिचारको बोझतिर डोऱ्याउन चाहन्नथेँ र मैले त्यसो गरेँ या आफैं पनि मन भित्रै रम्न चाहन्थेँ र त्यसो गरेँ । थाहा छैन । फेरि उसले गरेको यो टिप्पणी शब्दहरुमाथिको हो या त्यसमा सङ्गीत पनि सम्मिलित थियो ? खुट्याउन पनि सकिन । मैले कतिपय बेला सङ्गीत होइन गीत मात्र सुन्ने, गीत होइन स्वर मात्र सुन्ने बेग्लाबेग्लै श्रोताहरुको सामना गरेको छु । समग्रमा सङ्गीत (गीत, सङ्गीत, स्वर) सुन्न सक्ने श्रोता बीच गाउन पाउनु जस्तो आनन्दमयी क्षण अरु कुनै हुन्न । तर हाम्रो बेला यस्तो छ कुरा समेत सुनाउन मुस्किल । अनि ?

हुन त फेरि अर्को कुरा पनि छ । कुरा भनुँ कि चित्त बुझाउने उपाय ? जे भने पनि हुन्छ । गायकले यसरी बेला, श्रोता, सब बुझेर गाउदा अर्कै आनन्द लिन, दिन सक्छ । समय चिनेर धेरै लामो अन्तरालपछि आफ्नो कवितामार्फत् जसरी गुनगुनाएका छन् कवि बिक्रम सुब्बा-

*पुरस्कृत सफल भ्रष्टाचारी प्रशंसा-पत्र चुमिरहेछ*
*सम्मानित स्मगलर अभिनन्दन-पत्र चुमिरहेछ*
*हाकिमको पाउ चुमिरहेछ जागिरे*
*चुमिरहेछ बन्दुकले मानिसको छाती*
*म छु एउटा एकान्त कुनामा*
*तिम्रो प्रेमपत्र चुमिरहेछु !*

गायकले समय चिनेर गाउनु पनि यसैगरी प्रेमपत्र चुम्नु जस्तै त हो नि ! फरक यति छ प्रेमपत्रले एकान्त खोज्ला सङ्गीतले संस्कारयुक्त श्रोता । छ नि एउटा सुन्दर गीत-

*जीवन हुरीको गीत हो भने*
*जसरी पनि गाउनै पर्छ*

अक्टोवर १२, २००३, काठमाण्डौ
aavas@yahoo.com